नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरवार, काठमाडौं

## राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ता अपरेटर करारमा भर्नाका लागि दरखास्त आह्वानको सूचना

**सूचना प्रकाशन मितिः २०७८।०८।२०**

सबै नेपाली नागरिकहरुलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराउने कार्यक्रम अन्तर्गत विभिन्न जिल्लाहरूमा नागरिकका विवरण सङ्कलन गर्ने कार्यका लागि घुम्ती सेवा मार्फत विवरण दर्ता अभियानमा खटिने गरी विवरण दर्ता अपरेटर खुला प्रतिस्पर्धाद्वारा करारमा भर्ना गर्नुपर्ने भएकाले देहाय बमोजिमका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट मिति २०७८।०८।२० गते देखि १५ दिनभित्र https://application.donidcr.gov.np मा गई User ID Create गरेर अनलाईन दरखास्त फारम भरी पेश गर्न दरखास्त आह्वान गरिएको छ । दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनको कार्यालय समयमा दरखास्त बुझाउनु पर्नेछ ।

१. मागपद संख्या – ८० (यसका साथै थप ८० जना आवश्कता अनुसार रोष्टरमा राखिने छ)

४. पदः विवरण दर्ता अपरेटर

२. लिखित परीक्षा मिति विभागको वेबसाइटमा पछि प्रकाशित गरिनेछ ।

५. आवेदन दस्तुरः निशुल्क

३. आवश्यक योग्यताः

क) उम्मेदवारको उमेर हदः दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको नेपाली नागरिक तर महिला र जनजातीको हकमा ४० वर्ष ननाघेको,

ख) न्यूनतम शैक्षिक योग्यता तथा तालिमःप्रवीणता प्रमाणपत्र तह वा १०+२ उतीर्ण गरेको तथा कम्तिमा ३ महिनाको कम्प्युटर सम्बन्धी तालिम प्राप्त गरेको वा प्रविणता प्रमाणपत्र तह वा सो सरह वा सो भन्दा माथिल्लो तहमा १०० पूर्णाङ्कको कम्प्युटर विषय राखी उतीर्ण गरेको भएमा छुट्टै तालिमको प्रमाणपत्र आवश्यक नपर्ने,

ग) अंग्रेजी तथा नेपाली युनिकोड रोमनाइज्ड फन्टमा नेपाली टाइप राम्रोसँग गर्न सक्ने हुनुपर्ने,

घ) सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाहीमा नपरेको।

६. तलबः दैनिक रु. १२००।– को दरले पारिश्रमिक उपलब्ध गराइनेछ । सार्वजनिक विदाको दिनमा समेत काम गर्नुपर्नेछ ।

७. सूचना सम्बन्धमा थप जानकारी प्राप्त गर्न **9848542693** र **9844144720** मा सम्पर्क गर्न सकिने छ ।

८. सूचना सम्बन्धी विस्तृत विवरण, विवरण दर्ता अपरेटर छनौटका आधारहरू तथा अन्य जानकारीका लागि विभागको Website: https://donidcr.gov.np बाट हेर्न सकिनेछ ।

९. दरखास्त फारमसाथ अपलोड गर्नुपर्ने कागजातहरूः

१. नेपाली नागरिकताको प्रमाणपत्र,

२. न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्कपत्र (Transcript), चारित्रिक प्रमाणपत्र (Character Certificate), विदेशी शैक्षिक संस्थाबाट उतीर्ण गर्नेको हकमा समकक्षताको प्रमाणपत्र अनिवार्य रूपमा पेश गर्नु पर्ने,

३. न्यूनतम शैक्षिक योग्यता भन्दा एक तह माथिल्लो शैक्षिक योग्यता भए सो को लब्धाङ्कपत्र (Transcript),

४. कम्प्युटर तालिमको प्रमाणपत्र (प्रविणता प्रमाणपत्र तह वा १० +2 वा सो सरह वा सो भन्दा माथिल्लो तहमा कम्प्युटर विषय लिई अध्ययन गर्नेको हकमा छुट्टै तालिमको प्रमाणपत्र आवश्यक नपर्ने),

५. कार्यानुभव भएमा सो को प्रमाणपत्र (नेपाल सरकारबाट मान्यता प्राप्त संगठित संस्थाबाट डाटा इन्ट्रि वा कम्प्युटर अपरेटर वा कम्प्युटर प्रशिक्षक वा कम्प्युटर सफ्टवेयर प्रयोग गरी काम गरेको खुलेको प्रमाणपत्र)

*नोटः उल्लेखित कागजातहरु उम्मेदवार स्वयम्ले प्रमाणित गरी वुझाउनु पर्नेछ ।*

१०. **शर्तहरूः**

क. विभागबाट राष्ट्रिय परिचयपत्र विवरण संकलन अभियान सञ्चालन भएका जुनसुकै जिल्ला भित्रका स्थानीय तहका वडाहरूमा गई विवरण संकलन सम्बन्धी कामकाज गर्नु पर्नेछ ।

ख. यस विज्ञापन अन्तर्गत छनौट हुने विवरण दर्ता अपरेटरहरूलाई काम गरेको दिनको रू.१२००।– को दरले दैनिक पारिश्रमिक बाहेक अन्य कुनै सुविधा उपलब्ध हुने छैन ।

ग. दैनिक न्यूनतम ४० जनाको विवरण दर्ता गर्नुपर्नेछ ।

घ. अनलाईन दरखास्त पेश गर्दा अपलोड गरिएका कागजातहरू सक्कल प्रतिबाट सफा र स्पष्ट बुझिने हुनुपर्छ अन्यथा आवेदन अस्विकृत गरिनेछ ।

ङ. अंग्रेजी र Nepali Unicode Romanized Layout मा शुद्ध टाईप गर्नुपर्ने छ ।

११. दरखास्त दिने तरीकाः दरखास्त फाराम तथा पाठ्यक्रम विभागको वेबसाइट https://donidcr.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

१२. करार सम्झौता र अवधिः पहिलो पटकको लागि कम्तिमा ३ महिनाको करार सम्झौता यस विभागबाट हुनेछ । तोकिए बमोजिमको कार्य सम्पादन हुन नसकेमा जुनसुकै समयमा करार रद्ध गर्न सकिनेछ । काम सन्तोषजनक भएमा आवश्यकता अनुसार करार अवधी थप गर्न सकिनेछ ।

नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरवार, काठमाडौँ ।

## राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता अपरेटर करारमा भर्ना गर्नका लागि दरखास्त आह्वनको सूचना

**<u>सूचना प्रकाशन मितिः २०७८।०८।२०</u>**

सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराउने कार्यक्रम अन्तर्गत विभिन्न जिल्लाका स्थानीय तहका प्रत्येक वडाहरूमा सञ्चालन हुने घुम्ती टोलीमा रही नागरिकका विवरण संकलन गर्न ८० (एक सय जना) विवरण दर्ता अपरेटर खुला प्रतिस्पर्धाबाट छनौट गरेर करार गरी कार्य गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरूबाट अनलाइन मार्फत दरखास्त आह्वान गरिएको छ।यसका साथै योग्यताक्रम अनुसार थप ८० जना व्यक्ति प्रतिक्षा सूची (Waiting Roster) मा राखिने छ। विस्तृत विवरण विभागको Website https://donidcr.gov.np मा राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।